नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय काठमाडौं
बबरमहल, काठमाडौं, नेपाल

प.सं
च.नं.

मितिः २०८०/१२/०७
ने.सं.:११४४ चिल्लाथ्व, ११ बुधबार

## प्रेस विज्ञप्ति

### काठमाडौं जिल्लाका मालपोत, नापी र यातायात कार्यालयहरुमा जिल्ला प्रशासन कार्यालयको आकस्मिक निरीक्षण

आज मिति २०८०/१२/०७ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट सहायक प्रमुख जिल्ला अधिकारीहरु र प्रशासकीय अधिकृतहरु, ईलाका प्रशासन कार्यालय साँखुका प्रमुख, ईलाका प्रशासन कार्यालय फर्पिङका प्रमुख सहितका अनुगमन टोली मार्फत एकैसाथ काठमाडौं जिल्लास्थित सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित सेवाग्राहीहरुको चाप हुने मालपोत कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालय सहितका १६ वटा कार्यालयहरू अनुगमन गरिएको छ। अनुगमन गरिएका कार्यालयहरु भूमिसुधार तथा मालपोत कार्यालय डिल्लिबजार, मालपोत कार्यालय कलंकी, मालपोत कार्यालय साँखु, मालपोत कार्यालय चावहिल, मालपोत कार्यालय टोखा, मालपोत कार्यालय मनमैजु, नापी कार्यालय डिल्लिबजार, नापी कार्यालय कलंकी, नापी कार्यालय साँखु, नापी कार्यालय चावहिल, नापी कार्यालय टोखा, नापी कार्यालय मनमैजु, यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र चावहिल, यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र ठूलो भऱ्याङ, यातायात व्यवस्था कार्यालय, मोटरसाइकल गुर्जुधारा र यातायात व्यवस्था कार्यालय सानो भऱ्याङ रहेका छन्।

आकस्मिक निरीक्षण गर्दाका बखत मालपोत कार्यालयहरुमा १७ जना, नापी कार्यालयहरुमा १९ जना र यातायात कार्यालयहरुमा २७ जना कर्मचारीहरु अनुपस्थित रहेको पाइयो । मालपोत तथा नापी कार्यालयहरुमा कर्मचारीहरुले ड्रेसकोडको पालना गरेको देखिएता पनि यातायात कार्यालयहरुमा भने ६ जना कर्मचारीले ड्रेस कोड पालना गरेको भेटिएन। सबै यातायात कार्यालयहरुले भाडाको घरबाट सेवा प्रवाह गरेका कारण सेवाग्राहीले पार्किङको समस्या भोग्नुपरेको देखियो। साथै यातायात कार्यालयहरुमा कार्यालयको दरबन्दी संरचना बमोजिम पदपुर्ती हुन नसक्दा सेवा प्रवाहमा असर परेको देखियो। समग्रतामा हेर्दा मालपोत कार्यालयहरुमा मुद्दा फस्योंटको अवस्था कमजोर देखियो। अनुगमन गरिएका सबै कार्यालयहरुमा सूचना अधिकारीको व्यवस्था भएको देखिएता पनि सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली बमोजिम त्रैमासिक रुपमा गरिनुपर्ने स्वतः प्रकाशन (Proactive Disclosure) भने अधिकांश कार्यालयहरूले सार्वजनिक गरेको देखिएन।